नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कोशी अस्पताल

## विराटनगर

**डाक बढाबढद्वारा रुख लिलाम विक्रीको सूचना ।**

दोश्रो पटक सूचना प्रकाशन मिति : २०७९।०५।०८

उपरोक्त सम्बन्धमा यस कोशी अस्पताल, विराटनगरको ट्रान्सफर्मरलाई ठाउँ सारी गरि मेनलाइन तार विस्तार गर्नुपर्ने भएकोले तार विस्तार गर्ने वाटोमा पर्ने अस्पतालको जग्गामा रहेको देहाय वमोजमका रुखहरु सरकारी रुखहरु हटाउने सम्बन्धी मापदण्डको दफा १० बमोजिम गठीत समितिबाट सिफारिस भए अनुसार यस अस्पतालको कार्यालय प्रमुख स्तरवाट मिति २०७९।०४।२९ गतेको निर्णयले डाक बढाबडबाट विक्री गर्नु पर्ने भएको हुँदा उक्त काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा विक्री गर्न यो ७ (सात) दिने खुल्ला डाँक बढाबढको सूचना गरिएकोमा कसैको पनि निवेदन पर्न नआएकोले पुन: ४ (चार ) दिनको म्याद दिइ सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले डाँक बढाबढमा भाग लिन आमन्त्रण गरिन्छ । विस्तृत जानकारीको लागि कार्यालय खुलेको समयमा यस कार्यालयमा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ ।

तपशिल

१. रुखहरुको विवरण :

| सि. नं. | जात | रुखको थान | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|
| १ | स्वामी | एक | ५,११२।८५ | |
| २ | आँप | एक | | |
| ३ | सुकेको शिरिश | एक | | |
| ४ | शिरिश | एक | | |
| ५ | कदम | दुई | | |
| ६ | चिरचिरे | एक | | |

२. खुला डाक बढाबढ हुने
क. स्थान : कोशी अस्पताल, विराटनगर
ख. मिति : २०७९।०५।१२ गते
ग. समय : विहान १०:०० बजे देखि १२:०० बजे सम्म डाकबढाबढमा भाग लिन चाहने व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले डाक वढावढमा सहभागी हुनका लागि रु.१०००।- अस्पतालको केन्द्रीय काउन्टरमा जम्मा गरि सोको रसिद समेत संलग्न राखि निवेदन दर्ता गराउनु पर्नेछ । निवेदन दर्ता गराउने व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीको विचमा दिउँसो १:०० बजे देखि ३:०० बजे सम्म डाकबढाबढ गराइने छ ।

३. डाकबढाबढको न्यूनतम मूल्य (कार्यालयको ल.ई.) बाट शुरु गरिनेछ ।
४. डाक सकार गर्न डाक बोल्ने सवैले डाक बोल्नु पूर्व न्यूनतम मूल्यको १० प्रतिशतले हुने नगद धरौटी राख्नु पर्नेछ । डाक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्नेछ ।
५. डाकबढाबढमा भाग लिन इच्छुक व्यक्तिले निवेदन पेश गर्दा निवेदन साथ नागरिकताको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।
६. डाक बढाबढ हुने रुख कार्यालय खुलेको समयमा रुख भएको स्थानमा गइ हेर्न सकिनेछ । डाक वढावढमा सहभागी भएको व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले सहभागी हुनु पुर्व लिलाम हुने रुखहरुको हेरिसकेको मानिनेछ ।
७. लिलाम स्विकृत गर्ने वा नगर्ने अधिकार यस अस्पतालमा निहित रहनेछ ।
८. लिलाम/डाक स्विकृती भएको जानकारी प्राप्त भएको ७ दिन भित्र सकार गरेको रकम बुझाई सक्नु पर्नेछ ।
९. डाक बढाबढको दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोही समयमा तोकिएको ठाउँमा डाक बढाबढ गरिनेछ ।
१०. डाक साकार गर्ने व्यक्ति आँफैले रुख कटान तथा ढुवानी खर्च व्यहोर्नु पर्नेछ ।
११. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

डा. यज्ञराज खरेल
नि. मेडिकल सुपरिटेन्डेन्ट